# फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको
# आठौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. बैधानिक सभा:

यस लघुवित्त विकास बैंकको सञ्चालक समितिको मिति २०७४ भाद्र १६ गते बसेको १२७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघुवित्त विकास बैंकको नियमावली बमोजिम बोलाइएको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम आठौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०७४ आश्विन ८ गते आइतवार (तदनुसार २४ सेप्टेम्वर, २०१७)
स्थान: आम्रपाली व्याङ्क्वेट, भाटभटेनी, काठ्माण्डौं ।
समय: विहान ११:२० वजे प्रारम्भ भई अपरान्ह १.०० वजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार आठौं वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७४/०५/१७ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक र २०७४/०५/२५ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाउने व्यवस्था गरिएको थियो । साथै, लघुवित्त विकास बैंकको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरि राखिएको थियो ।

## ४. उपस्थिति :

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्र राज रेग्मी (ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री उमेश कटुवाल | सञ्चालक |
| ३. श्री युवराज क्षेत्री | सञ्चालक |
| ४. श्री बामदेव गौली | सञ्चालक |
| ५. श्री प्रेमसागर नापित (गोर्खाज फाइनान्स लिमिटेड) | सञ्चालक |
| ६. श्री सीताराम रेग्मी | स्वतन्त्र सञ्चालक |



FMDB

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. श्री शोभा अधिकारी | प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड |
| २. सि.ए, भुमिराज ढुङ्गाना | प्रतिनिधि, लेखापरिक्षक श्री एस्.आर.पाण्डे एण्ड कम्पनी |
| ३. श्री जमुना सिटौला | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ४. श्री विना अधिकारी | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| **व्यवस्थापनका पदाधिकारी** | |
| १. श्री भेषराज पन्थी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | कम्पनी सचिव/का.मु.नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बाबुराम न्यौपाने | वरिष्ठ प्रवन्धक |
| ४.श्री विजय न्यौपाने | सहायक प्रवन्धक |
| ५. श्री ज्ञानेन्द्र बाग्ले | सहायक प्रबन्धक |

(ग) शेयरधनीको उपस्थिति:

स्वयम उपस्थिति - १७६ जना ।
प्रतिनिधि मार्फत् - १० जना ।
**उपस्थिति प्रतिशत - ५५.४५**

५ सभामा प्रस्तुत छलफलको विषयहरु:

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०७३ बमोजिम वर्तमान लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी,चार्टर्ड एकाउन्टेन्स् पुन : नियुक्त हुन योग्य हुनुहुन्छ ) ।

ख) <u>विशेष प्रस्ताव</u>

५) संचालक समितिवाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नको लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.३९,६७,५०,००० (अक्षरेपी रु.उनान्चालिस करोड सतसठ्ठी लाख पचास हजार) बाट वृद्धि गरी रु.६८,४३,९३,८०० (अक्षरेपी रु.अठ्सट्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) पुऱ्याउने ।

७) संचालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च पुनरावलोकन गर्ने ।

८) लघुवित्त विकास बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्वन्धी प्रस्ताव पास गर्ने तथा प्रबन्धपत्र तथा नियमावली संशोधनमा सम्बन्धमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायवाट हुने फेरवदलको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) <u>विविध</u>

९)स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्वन्धमा ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघुवित्त विकास बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघुवित्त विकास बैंकको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १८६ भएको र कुल २२,००,०६१ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५५.४५ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघुवित्त विकास बैंकको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान ११:२० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघुवित्त विकास बैंकको आठौं वार्षिक साधारण सभा सुरु भयो ।



FMDB

७. वार्षिक साधारण सभाको प्रस्तुती :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व आठौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघुवित्त विकास बैंकको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले आठौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघुवित्त विकास बैंकको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७३।७४ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघुवित्त विकास बैंकको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले यस लघुवित्त विकास बैंकले विगत ८ वर्ष देखि राम्रो प्रगति हासिल गरेको, वित्तीय सूचाङ्कहरु सवल रहेको, कुल सम्पतीको आकार बढेको र फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडले नाम अनुसारको काम गरेकोमा सन्तोष व्यक्त गर्नु भयो । संचालकहरुको भत्ता आगामी वर्षमा वढाउनका लागि ध्यानाकर्षण गराउनुभएको, संचालकहरु संस्था प्रति कटिवद्ध हुनुभएको, दुर्गम ठाउँमा सेवा पुगेको र सेवा अझ विपन्न वर्गमा लैजानु पर्ने विषयमा पनि सुझाव दिदै शेयरधनीहरुलाई आगामी बर्ष कति लाभांश दिन सक्ने योजना रहेको छ जानकारी गराउन समेत आग्रह गर्नु भयो ।

८.२ शेयरधनी श्री व्रम्हदेव शाक्यज्यूले यस लघुवित्त विकास बैंकले समयमा नै वार्षिक साधारण सभा गरेकोमा धन्यबाद व्यक्त गर्दै शेयरधनीहरुलाई १५ प्रतिशत वोनश वितरण गर्ने निर्णय गरेको र उक्त वोनश सहकारी संस्थाले वितरण गर्ने जस्तो भएको गुनासो गर्नु भयो । संस्था आफनो गन्तव्यमा पुगेको दृष्टिकोण समेत व्यक्त गर्नु भयो ।

८.३ शेयरधनी श्री डमरुवल्लभ घिमिरेज्यूले समयमा नै साधारण सभा वोलाएकोमा धन्यवाद दिदै लघुवित्त विकास बैंकले १५ प्रतिशत लाभांश मात्र प्रदान गरेकोमा सन्तोषजनक नभएको र आगामी आर्थिक वर्ष यसलाई बृद्धि गर्ने तर्फ प्रयास गर्न सुझाव दिनुभयो । वार्षिक प्रतिवेदनमा कम्पनी सचिवको हस्ताक्षर नभएकोमा हस्ताक्षर गर्न सुझाव दिनु भयो । प्रतिवेदनमा उल्लेखित कार्यक्रम पुगेको जिल्ला विगत ३ वर्षदेखि नै ४५ जिल्लामा सिमित भएको टिप्पणी गर्नु भयो । ०.५ प्रतिशत भन्दा बढि स्वामित्व भएका शेयरधनीहरुको विबरणमा साधारण तथा संस्थापक भनि छुट्टयाउन सुझाव दिनुभयो र संस्थाले वित्तीय विबरणलाई नेपाल वित्तीय विबरण प्रतिवेदन मान NFRS बमोजिम पनि तयार गरेकोमा अत्यन्त राम्रो भएको भनि प्रसंशा गर्नु भयो ।



FMDB

८.४शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठज्यूले प्रतिवेदनमा कम्पनी सचिव तथा अध्यक्षको हस्ताक्षर नभएको, वार्षिक प्रतिवेदनमा भएको कर्जा नोक्सानी व्यवस्था तथा कर दायित्यका बारेमा प्रष्ट पारिदिनका लागि अनुरोध गर्नु भयो । भुक्तानी दिन बाँकी रहेको नगद लाभांशको रकमलाई भुक्तानीको व्यवस्था मिलाउन, घरभाडा बापत रु. १७,२३,९२ तिर्नु परिरहेकोमा लघुवित्त विकास बैंकले आफ्नो नाममा जग्गा किन्न र घर निर्माण गर्न सुझाव दिनु भयो ।

८.५शेयरधनी श्री नरसिंह लाल चँखुज्यूले बोनश शेयरको दर बढाउन र कारोबारलाई ७ प्रदेशमा पुऱ्याउन सुझाव दिनुभयो । खुद ब्याज आम्दानी राम्रो रहेको र यसमा जोड दिनुपर्ने, जोखिम सम्पत्तिको व्यवस्थापनमा ध्यान दिनु पर्ने, प्रतिशेयर आम्दानी वृद्धि गर्नुपर्ने सुझावका साथै भाखा नाघेको कर्जा शुन्य रहेको र यसलाई निरन्तरता दिन सुझाव दिनु भयो । आधारदर उल्लेख नभएको र कर्जा नोक्सानी व्यवस्थाको रकम बढेकोमा जिज्ञासा राख्नुका साथै संस्था नीति नियम अनुसार चलिरहेको विचार व्यक्त गर्नु भयो ।

८.६शेयरधनीका प्रतिनिधि श्री शिव पौडेलज्यूले यस लघुवित्त विकास बैंकले समयमा नै वार्षिक साधारण सभा गरेकोमा धन्यबाद व्यक्त गर्नु भयो । हकप्रद शेयरको निष्काशन चाडै गर्न, कर्मचारीहरुको दक्षता बृद्धीका लागि तालिम प्रदान गर्न, शेयरधनीका छोराछोरीलाई एसइइ परिक्षा उर्तिण गरी दश जोड दुई पढ्नका लागि छात्रवृतिको व्यवस्था गर्न सुझाव दिनु भयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

सभामा सहभागीहरुबाट मन्तव्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुबाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकोले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना विचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारीत गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## १०. सभाको निर्णय:

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।



FMDB

प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट आठौं वार्षिक साधारण सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (**NFRS**) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७४/४/२९ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७३/७४ सम्मको सञ्चित नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई ०.७९ प्रतिशत अर्थात रु ३१,३२,२३७ नगद लाभांश (लाभांश कर प्रयोजनको रकम) वितरण गर्नको लागि स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

४) कम्पनीको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०७३ बमोजिम वर्तमान लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी,चार्टर्ड एकाउन्टेन्स् पुन : नियुक्त हुन योग्य हुनुहुन्छ) ।

प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लघुवित्त विकास बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण गर्न लेखापरीक्षकको रुपमा नियुक्ति गर्न सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई मुल्य अभिवृद्धि कर सहित रु.३,३९,०००।-(अक्षरेपी तिन लाख उनन्चालिस हजार मात्र) दिने गरी अन्तीम लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरि पारित गऱ्यो ।



FMDB

ख) विशेष प्रस्ताव तर्फ

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नको लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. ५ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा संचालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनश शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित गऱ्यो । त्यसैगरी बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नको लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

६) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.३९,६७,५०,००० (अक्षरेपी रु.उनान्चालिस करोड सतसठ्ठी लाख पचास हजार) बाट वृद्धि गरी रु.६८,४३,९३,८०० (अक्षरेपी रु.अठ्सट्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) पुऱ्याउने ।

प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय गरियो :

प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :

(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पुँजी रु.६८,४३,९३,८०० (अक्षरेपी अठ्सट्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१०० दरका ६८,४३,९३८ (अठ्सट्ठी लाख त्रिचालिस हजार नौं सय अठ्तीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.६८,४३,९३,८०० (अक्षरेपी अठ्सट्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ६८,४३,९३८ (अठ्सट्ठी लाख त्रिचालिस हजार नौं सय अठ्तीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.६८,४३,९३,८०० (अक्षरेपी अठ्सट्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) हुनेछ ।

७) संचालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च पुनरावलोकन गर्ने ।

प्रस्ताव नं. ६ को विशेष प्रस्तावको संचालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च पुनरावलोकन गर्ने सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको नियमावलीको निम्नानुसार दफा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो :

नियमावलीको दफा ३२ को उपदफा १ (ख), (ग), (घ) मा संशोधन :

(ख) सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य संचालकले पाउने प्रति बैठक भत्ता क्रमस: रु. ६,०००। र रु ५,५००।- हुनेछ । सञ्चालक संलग्न भइ गठित समिति तथा उपसमितिहरुको वैठकमा सहभागी भए वापत त्यस्तो समिति तथा उपसमितिका संयोजक तथा सदस्य सञ्चालकहरुले पाउने प्रति वैठक भत्ता समेत सञ्चालककै सरह हुनेछ ।

(ग) लघु वित्त वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–

(अ) स्वदेशमा दैनिक भत्ता रु.२,५००।-

(आ) भारतमा दैनिक भत्ता भा.रु.२,०००।-

(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १२०।-

(ई) भ्रमण खर्च विल बमोजिम ।

८) लघुवित्त विकास वैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्वन्धी प्रस्ताव पास गर्ने तथा प्रवन्धपत्र तथा नियमावली संशोधनमा नेपाल राष्ट्र वैंक वा अन्य नियमनकारी निकायवाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास वैंकको प्रबन्धपत्र तथा नियमावलीका दफाहरुमा निम्नानुसार संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई थप परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय गरियो ।

प्रबन्धपत्रको दफा १ मा कम्पनीको नाम संशोधन :

यस कम्पनीको नाम "फर्स्ट माईक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **"First Microfinance Laghu Bitta Bittiya Sanstha Limited"** भनिनेछ । जसलाई यसपछि " लघु वित्त वित्तीय संस्था " भनी सम्बोधन गरिने छ ।

नियमावलीको दफा १ मा कम्पनीको नाम संशोधन :

यस कम्पनीको नाम "फर्स्ट माईक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **"First Microfinance Laghu Bitta Bittiya Sanstha Limited"** भनिनेछ । जसलाई यसपछि " लघु वित्त वित्तीय संस्था " भनी सम्बोधन गरिने छ ।

नियमावलीको दफा २७ मा सञ्चालक समितिको गठन, संख्या र कार्यकाल संशोधन :

(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र सञ्चालकको नियुक्ति समितिले गर्नेछ ।

(२) यस लघु वित्त वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहवाट मनोनित/निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।



FMDB

नियमावलीको दफा २९ मा स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था संशोधन :

(१) सञ्चालकहरुको ऐनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले तोकेको योग्यता तथा कार्यानुभव हासिल गरेको एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ ।

(३) स्वतन्त्र संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हुनेछ ।

नियमावलीको दफा ३१ मा सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने संशोधन :

समितिमा संचालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ :-

(क) संस्थापक समूह "क" बाट मनोनित वा निर्वाचित ३ जना ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित ३ जना ।

लघुवित्त विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा ठाँउ ठाँउमा रहेको **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३** भन्ने शव्दको सट्टामा **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३** शव्दहरु र **व्यवशायिक विशेषज्ञ संचालक** भन्ने शव्दको सट्टामा **स्वतन्त्र संचालक** भन्ने शव्दहरुमा रुपान्तरण गर्ने । प्रवन्धपत्र तथा नियमावलीका विभिन्न नियमहरुमा उल्लेखित **"लघुबित्त बिकास बैंक"** भन्ने वाक्यांशको सट्टामा **" लघु वित्त वित्तीय संस्था"** भनी संशोधन गर्ने ।

ग) विविध तर्फ

९) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा ।

**प्रस्ताव नं. ९ को विविध प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको संचालक समितिको मिति २०७४।०४।३० गते बसेको १२६ औं बैठकको निर्णयबाट पर्वत जिल्ला फलेवास न.पा. वडा नं ६ का श्री सीताराम रेग्मीलाई यस बैंकको स्वतन्त्र संचालकमा नियुक्त गरेको विषय यस वार्षिक साधारण सभाले जानकारीमा लियो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । साथै, अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकको आठौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| दानराज पन्त<br>कम्पनी सचिव | FMDB | सुरेन्द्र राज रेग्मी<br>अध्यक्ष |